मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/२ ने.स ११४५ पोहेलागा द्वितिया

मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२, मा बागमती प्रदेश सरकारबाट सर्शत अनुदानमा प्राप्त तपशील अनुसारको कार्यक्रमहरु "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" अनुसार सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक साझेदारहरुले तोकिएको आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मितिः २०८१/१०/२२) भित्र मेलम्ची नगरपालिका, कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, रित नपुगी दर्ता भएका र विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनको लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन हुने क्षेत्र | बजेट रु. हजारमा | साझेदार संस्था |
|---|---|---|---|---|
| १ | कृषि व्यवसाय (फलफूल खेती ) प्रवर्द्धन कार्यक्रम मेलम्ची -४ | वडा नं ४ | १००० | कृषक समुह/कृषि सहकारी /निजी क्षेत्र |
| २ | (फलफूल खेती ) प्रवर्द्धन कार्यक्रम मेलम्ची -४ | वडा नं ४ | ५०० | |

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

- तोकिएको ढाँचामा निवेदन अनुसूची-२।
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपी (संस्थाको हकमा सहभागी कृषकहरु सबैको)।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।
- भुमिकर तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपी (सहकारी/समूहको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागी कृषकहरु सबैको)।
- संस्था दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
- संस्थाको सञ्चालक समितिको निर्णय (संस्थाको हकमा मात्र)।
- पशु सेवा शाखामा सुचीकृत प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा मात्र)।
- अनुसूची -१ अनुसारको प्रतिबद्धता पत्र।

थप जानकारीका लागि मेलम्ची नगरपालिका कृषि विकास शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुनेछ

निमेष मिश्र
प्रमुख प्रशासकीय अधिकृत



Contact: +977-011-401089, 011-401141, 011-401142 E-mail: info@melamchimun.gov.np Website: www.melamchimun.gov.np